वैकल्पिक राजनीति निर्णायक मोडमा

नेपाल दशकौंसम्म विदेशी प्रभाव र घरेलु दलहरूको असफल प्रयोगशालाजस्तै चलाइयो । वैकल्पिक राजनीतिलाई पुनः त्यसै मार्गमा धकेलियो भने अर्को ठूलो राजनीतिक विद्रोह जन्माउन धेरै समय लाग्दैन ।

सुदन ज्ञवाली

उज्यालो नेपाल, रास्वपा र वैकल्पिक राजनीतिको संयुक्त यात्रा क्षुद्र स्वार्थ, व्यक्तिगत महत्त्वकांक्षा र अल्पकालीन गणनाबाट होइन, राष्ट्रको दीर्घकालीन सोच, नैतिकता, आदर्श र निष्ठाबाट निर्देशित हुनेपर्छ । वैकल्पिक राजनीतिको उज्यालोलाई झिसमिसे होइन, स्थायी बनाउन लागिपरौं । अलग-अलग दुकान खोलेर आफ्नो स्वार्थको रोटी नसेकौं ।

नेपालको वैकल्पिक राजनीति फेरि एकपटक निर्णायक मोडमा उभिएको छ । देश पुराना दलहरूको दीर्घकालीन कुशासन, गहिरिंदो गुटबन्दी, भ्रष्टाचार, विकासप्रति उदासीनता र नेतृत्वहीनताले घिचिएको छ । यिनै प्रतिकूलताबीच हाले जन्मिएको उज्यालो नेपाल पार्टीले मुलुकको राजनीतिक क्षितिजमा नयाँ बहस, नयाँ जिज्ञासा र नयाँ विवाद दुवै जन्माएको छ, विशेषतः यसको नेतृत्व, उद्देश्य, दिगोपन र भविष्यमा प्रभावबारे । ऊर्जा क्षेत्रको क्रान्तिकारी परिवर्तन लोडसेडिंङ मुक्तताको नारामार्फत जनविश्वास कमाइसकेका कुलमान घिसिङ नयाँ पार्टीसहित वैकल्पिक राजनीतिमा प्रवेश गर्दा आशा र प्रश्न एकसाथ उठेका छन् ।

सबैले सोधिरहेको मूल प्रश्न हो, 'उज्यालो नेपालको उज्यालो कति दीर्घकालीन हो ?' के यो क्षणिक लोकप्रियताको झिसमिसे उज्यालो हो, कि वैकल्पिक राजनीतिको भविष्य बदल्ने टिगो, संस्थागत र वैज्ञानिक उज्यालो ? नेपालको वैकल्पिक राजनीतिक यात्रा सरल छैन । नयाँशक्ति, विवेकशील-साझा र रास्वपा यी तीन थरगरूले यो यात्रा बिस्तारै परिपक्व बनाएका छन् । रास्वपा अहिले बस सिजनराको उचाइमा छ ।

परम्परागत दलहरूसँगै कठिन प्रतिस्पर्धा गर्दै रास्वपा संस्थागत रूपमा विस्तार हुँदै मूलधारमा प्रवेश गरेको छ । यही यथार्थबीच उदाएको उज्यालो नेपाल, लोकप्रियता र नव-उत्साहका कारण शंकासहितको जिज्ञासा बढ्दैर अघि बढेको छ । वैकल्पिक राजनीतिको कठोर इतिहासले प्रमाणित गरिसकेको छ की संस्थागत अनुशासन, स्पष्ट विचारधारा, दीर्घकालीन निष्ठा र सुदृढ संगठन बिना कुनै पनि नयाँ पार्टी टिकाउ बन्दैन ।

राजनीतिक दल खोलिएर पाँच वर्षभन्दा पहिले पार्टी फुटाउने, पदका लागि बार्गेनिङ गर्ने, चुनावी टिकटको कारोबार, नेतृत्व-केन्द्रित अवसरवाद जस्ता प्रवृत्तिले वैकल्पिक राजनीति हरेकपोटि गिज्याएको छ । उज्यालो नेपालले यी रोगहरूबाट आफूलाई जोगाउन सकेन भने, यो पनि क्षणिक लोकप्रियताको अर्को प्रयोगशाला बन्न सक्छ र यसको असर पुरै वैकल्पिक राजनीति समुदायले भोग्नुपर्छ ।

रास्वपा-उज्यालो सम्बन्ध : प्रतिस्पर्धा कि परिपूरकता ?

वैकल्पिक राजनीतिको मूलधारमा अहिले रास्वपा प्रमुख वैचारिक, संगठनात्मक र जनसमर्थनको केन्द्रमा छ । उज्यालो नेपालको उदयले रास्वपाबाट असन्तुष्ट वा व्यक्तिगत अवसर नपाएका केही समूह स्वतः त्यतिकर्फ आकर्षित भएका छन् । तर, यिनै प्रवृत्तिहरू वैकल्पिक राजनीतिका सबैभन्दा ठूलो खतरा पनि हुन् । किनकि अवसरवादले जन्माएको पार्टी दीर्घकालीन स्थायित्व र नैतिकता कसरी पाल्ला ?

रास्वपामा उन्नति पाइसकेका तर समान अवसरका नामामा स्वार्थ-वितण्डाबाट गुज्जिएका केही व्यक्तिहरूले व्यक्तिगत लाभ खोज्ने उज्यालोतिर जाने संकेत देखिएका छन् । नयाँ पार्टीले यिनै व्यक्तिहरूलाई उच्च पद वा चुनावी टिकटका प्रलोभन दिएर आकर्षित गर्ने अभ्यास दीर्घकालीन राजनीति होइन, क्षणिक राजनीतिक व्यापारमात्र हो । अवसरवादी पलायनलाई छानफुक बिना प्रवेश गराए संगठनलाई 'कोहोर राजनीति' को घिनी-संस्करणले कहाँ पुऱ्याउला ?

वैकल्पिक राजनीतिको मूल्य-आधारित इतिहास भन्छ, यसको आधार बुद्धिमत्ता, नीति, ऊर्जा, संगठन र राजनीतिको सामूहिक प्रभाव हो । तर, उज्यालो नेपालको जन्मबारे उठेका सार्वजनिक बहसले विशेषतः रास्वपा-कुलमान संवादछिका खुलासले एक यथार्थ उजागर गरेको छ । यो पार्टी पूर्णरूपमा राष्ट्रिय वैकल्पिक आकाङ्क्षाबाट जन्मेको होइन, केही नेतृत्व-केन्द्रित असन्तुष्टि र निजी महत्त्वाकाङ्क्षाबाट पनि प्रेरित रहेको छ भन्ने आरोप लाग्ने गरेको छ ।

यति हँदाहँदै रास्वपा वा पुराना दलहरूको कार्यशैलीप्रति असन्तुष्ट भएर नेतृत्व, संगठन र विचारमा योगदान गर्न चाहने हजारौं युवाहरू उज्यालोतिर आकर्षित हुनु सकारात्मक पक्ष हो । यी युवाहरू नेपालका वैकल्पिक राजनीतिको ऊर्जास्रोत हुन्, उनीहरूको निष्ठा र मूल्यको सही व्यवस्थापन गर्न सक्यो भने उज्यालो नेपालको उज्यालो स्थायी हुनसक्छ ।

भविष्य प्रतिस्पर्धा मात्रै होइन, सम्भावित एकताको संयोजक शक्ति

राजनीति स्थिर हुँदैन । आज प्रतिस्पर्धा देखिन्छ, भोलि सहकार्यको आवश्यकता अपरिहार्य बन्न सक्छ । रास्वपा र उज्यालो नेपालको भविष्यमा राजनीतिक एकता वा साझा मोर्चा बन्ने सम्भावना असम्भव छैन । तर, त्यो सहकार्य जलदबाजीका खरे मिसिएमैं अस्थिर र असफल होइन, विस्तुली-कालीगण्डकी मिसिएमैं शक्तिशाली, स्वाभाविक र राष्ट्रहितमा आधारित हुनुपर्छ ।

रास्वपा, विवेकशील-साझा र नयाँशक्तीको संयुक्त आदर्श यसैको निस्नरता हो ।

उज्यालो नेपालले आफ्नो, व्यक्तिगत महत्त्वाकांक्षा वा प्रतिस्पर्धात्मक उत्तेजनामा होइन, सम्मान, समन्वय र सामूहिक वैचारिक प्रगतिबाट अघि बढ्न सक्यो भने मात्र फागुन २१ को चुनावी यात्रामा वैकल्पिक राजनीति गणितीय विजयको शिखरमा पुग्न सक्छ ।

वैकल्पिक राजनीति अहिले जनभावनाको उच्चतर शिखरमा छ । अब यो भावनात्मक लहरलाई गणितीय रणनीति मतगणना, संगठन विस्तार, उम्मेदवार छनोट, विचार स्पष्टता, पठनपाठनको विद्यासम्म रूपान्तरण गर्नु अपरिहार्य छ । रास्वपा समेत वैकल्पिक राजनीतिको मेरुदण्ड बनेर उभिएको बेला, उज्यालो नेपालको आगमसले यो यात्रा बलियो बनाउँछ कि विभाजित भन्ने प्रश्न आश्य छ ?

वैकल्पिक राजनीतिलाई प्रयोगशाला बन्न नदिनुहोस्

नेपाल दशकौंसम्म विदेशी प्रभाव र घरेलु दलहरूको असफल प्रयोगशालाजस्तै चलाइयो । वैकल्पिक राजनीतिलाई पुनः त्यसै मार्गमा धकेलियो भने जेन-जी पुस्ताले अर्को ठूलो राजनीतिक विद्रोह जन्माउन धेरै समय लाग्दैन । उज्यालो नेपाल, रास्वपा र वैकल्पिक राजनीतिको संयुक्त यात्रा क्षुद्र स्वार्थ, व्यक्तिगत महत्त्वकांक्षा र अल्पकालीन गणनाबाट होइन, राष्ट्रको दीर्घकालीन सोच, नैतिकता, आदर्श र निष्ठाबाट निर्देशित हुनेपर्छ । वैकल्पिक राजनीतिको उज्यालोलाई झिसमिसे होइन, स्थायी बनाउन लागि परौं । अलग-अलग दुकान खोलेर आफ्नो स्वार्थको रोटी नसेकौं ।

देश आज संवेदनशील ऐतिहासिक मोडमा उभिएको छ । विपन्नता शासनबाट सामान्य नागरिकको जीवनसम्म फैलिएको भ्रष्टाचार, बेथिती, दुराचार र दण्डहीनताको संस्कृतिले मुलुकलाई दशकौं पछाडि धकेलेको छ । विकासका सम्भावनाहरू बारम्बार कुहिएको कागजमैं फाट्दै गएका छन् र जनताको धैर्य सीमा नजिक पुगेको छ । यस्तो अवस्थामा नेपालले अब परम्परागत राजनीतिक संरचनाबाट मात्र समाधान खोज्न सक्दैन । वर्तमान यथास्थिति बदल्न वैकल्पिक राजनीतिक शक्तिले आफूलाई सशक्त रूपमा अघि बढाउन अपरिहार्य बनेको छ । यसले नेपाललाई केवल राजनीतिक परिवर्तन होइन, दीर्घकालीन शासन-संस्कृतिको रूपान्तरण प्रदान गर्न सक्छ ।

हामी विगतका धेरै अवसर गुमाइसकेका छौं । राजनीतिक संक्रमण, अस्थिर सरकार, प्राथमिकताहीन नीति र अनियोजित अर्थतन्त्रका कारण देश निस्तर पछाडि पऱ्यो । अब परिवर्तनका लागि केवल भावनात्मक नारारू पर्याप्त छैनन् । आवश्यक छ, व्यवस्थित नागरिक सहभागिता, वैकल्पिक शक्तिबीचको एकता,

स्पष्ट राजनीतिक दृष्टि र नैतिक दायित्वप्रति कठोर प्रतिबद्धता ।

हामी सबै एक ठाउँमा जोडिनुपर्ने संवैधानिक, नैतिक र ऐतिहासिक जिम्मेवारी यही हो । देशको भविष्य व्यक्तिको स्वार्थमा होइन, सामूहिक राष्ट्रिय उद्देश्यमा टिकुपर्छ । यसका लागि राजनीतिक विभाजनभन्दा माथि उठेर राष्ट्रहितलाई केन्द्रमा राख्नुपर्छ । नेपाल आमाले आज हामी सबैलाई एउटा सरल तर गहिरो सन्देश दिइरहेकी छन्, 'मेरो माटोले तिमीहरूलाई कुनै स्वार्थ मागेको छैन, कृपया आफ्ना कर्तव्य बखिर्स ।' हाम्रो कर्तव्य स्पष्ट छ, भ्रष्टाचार र अन्यायको विरुद्ध उभिनु, वैकल्पिक राजनीतिको संस्थागत यात्रालाई सबल बनाउनु र आगामी पुस्ताका लागि सुरक्षित, समम एवं समुन्नत नेपालको बाटो निर्माण गर्नु । यही वर्तमान युगको माग हो । यही समयको पुकार हो । र, यही भविष्यप्रतिको हाम्रो कर्तव्य हो ।

सविन प्रियसनको 'नयाँ लुगा' लोकार्पण

हिमालय टाइम्स
टाइ, २० मंसिर

सविन प्रियासनको 'नयाँ लुगा' लोकार्पण गरिएको छ । राल्ली साहित्य परिषद् जिल्ला शाखा टाइको आयोजनामा प्रियासनको १३औं कृति लोकार्पण गरिएको हो । प्रियासनका यसअगाडि कालिकमा 'काले मन' र असारमा 'कढी' उपन्यास लोकार्पण भएको थियो । परिषद्का अध्यक्ष यम रेग्मीको अध्यक्षता, परिषदका पूर्वअध्यक्ष तथा सल्लाहकार पुरुषोत्तम खनालको प्रमुख आतिथ्य र परिषदकै सल्लाहकार पद्मप्रसाद शर्माको विशिष्ट आतिथ्यमा कार्यक्रम भएको थियो ।

नेपालकै दोस्रो धेरै उपन्यासकारका रूपमा पहिचान बनाएका प्रियासनको कृतिको विमोचनसँगै विभिन्न क्षेत्रमा उल्लेखनीय उपलब्धि हासिल गरेका दुई युवा प्रतिभालाई पनि सम्मान गरिएको थियो ।

कार्यक्रममा पोखरी बनाओं अभियानको तर्फबाट सामुदायिक विद्यालयबाट चिकित्सा शिक्षा आयोगले लिएको परीक्षामा उत्तीर्ण हुँदै पूर्ण छात्रवृत्तिमा राम निकालय सफल पोखरी-१० का रोशनी पर्ती मगर र राजपुर निवासी बबई नाट्यपरिवारका सरस्वती आधारभूत विद्यालय जलजलामा २० वर्षको उमेरमा प्रधानाध्यापक बनेका रक्षाकुमारी यादवलाई योगदानको कदर गर्दै सम्मान गरिएको थियो ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि खनालले साहित्यको क्षेत्रमा पुऱ्याएको योगदानको चर्चा गर्दै अझ राम्रो र उत्कृष्ट रचना ल्याउन सुझाउनुभयो । उहाँले पाठकको रोजाइमा पर्नसक्ने पुस्तक ल्याइपर्ने बताउनुभयो । सो अवसरमा बोल्दै उपन्यासकार प्रियासनले अबको पाँच वर्षभित्रमा नेपालकै पहिलो धेरै उपन्यास प्रकाशित गर्ने उपन्यासकार बन्ने उद्घोष गर्नुभएको थियो ।

कार्यक्रममा पुस्तकबारे लेखक सविन प्रियासनले प्रकाश पार्नुभएको थियो भने विशिष्ट अतिथि पद्मप्रसाद शर्मा, पत्रकार महासंघ टाइका पूर्वअध्यक्ष डा.सुदीप गौतमलगायतले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो । परिषद्का सूर्तेशकुमार पाण्डेको स्वागत मन्तव्यबाट सुरु भएको कार्यक्रमको सञ्चालकरण राल्ली साहित्य परिषद्का जिल्ला सचिव घनश्याम केसीले गर्नुभएको थियो ।

बटेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बटेश्वर, धनुषा
मधेश प्रदेश ,नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रथम पटक प्रकाशित मिति:२०८२।०८।२१

यस कार्यालय बाट नागरिक दैनिक राष्ट्रिय पत्रिकामा मिति २०८२।०७।०२ गते प्रकाशित तपसिल बमोजिमको निर्माण कार्यको बोलपत्र आह्वान (ई-बिडिङ) सम्बन्धि सूचना अनुसार निर्धारित समयभित्र रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरुमध्ये तपसिलमा उल्लेखित बोलपत्रदाताले पेश गरेको न्युनतम मुल्याङ्कित बोलपत्र साथभुत रुपमा प्रभावझाही भई मुल्याङ्कन समितिबाट छनौट तथा सिफारिस भई आए बमोजिम सार्वजनिक खरिद ऐन २०६३ को दफा २७र ४७ को लागि यस कार्यालयको मिति २०८२।०८।१९ गतेको निर्णयानुसार सम्बन्धित सबैको जानकारीको लागि बोलपत्र स्वीकृत गर्ने ७ दिने आशयको सूचना प्रकाशन गरिएको छ।

सि. नं.	ठेग्गा नं.कार्यको नाम	छनौट भएको बोलपत्र दाताको नाम र ठेगाना	कबोल अंक (मु.अ कर र PS सहित)	कैफियत
१.	BRM/NCB/02/082-083 The construction of Eye Hospital in Bateshwor Rural Muncipality-02, Dhanusha	Har Har Gange Construction Company Pvt.Ltd. Bishnupur-1, Siraha	Rs.58,11,567.13	

प्रमुख प्रशासकीय अधिकृत

'गेट हिल्ड विथ आयुष'को दोस्रो शाखा बुटवलमा

बुटवल हिंदा । नेपालमा मानसिक स्वास्थ्य, हिप्नोथेरापी (सम्मोहन विद्या) तथा वैकल्पिक उपचार क्षेत्रमा सक्रिय वेलनेस केन्द्र 'गेट हिल्ड विथ आयुष'को दोस्रो शाखा बुटवलको भिलनचौकमा औपचारिक रूपमा सञ्चालनमा आएको छ । हिप्नोथेरापिस्ट, ऊर्जा उपचारकर्ता तथा मनोसामाजिक परामर्शदाताका रूपमा परिचित आयुष चन्द रेग्मीले सञ्चालित उक्त केन्द्रले मानसिक स्वास्थ्यसम्बन्धी समस्या समाधानमा प्राचीन पूर्वीय उपचार पद्धति र आधुनिक वैज्ञानिक विधिको संयोजनमार्फत सेवा उपलब्ध गराउने जनाएको छ ।

रेग्मीका अनुसार नयाँ शाखामा गेन्ड्रम, मन्त्र, सम्मोहन विद्या, तन्त्र विद्या, महाविद्या साधना, भैरव साधनाजस्ता विधा सिकाइनेछन् । साथै हिप्नोथेरापी, ऊर्जा-हिलिङ, तन्त्र-आधारित अभ्यास, माइन्ड-बडी वेलनेस तथा समग्र मानसिक स्वास्थ्यसम्बन्धी सेवा प्रदान गरिनेछ ।

शनिवार व्यक्तिगत उपचार सत्र, ग्रिसेलन तथा हिप्नोथेरापी सेवा, चक्र व्यवस्थापन, ऊर्जा उपचार, सामूहिक प्रशिक्षण, माइन्ड ट्रेनिङ क्लास तथा मानसिक-भावनात्मक स्वास्थ्यका विशेष कार्यशालाहरू सञ्चालन गरिने केन्द्रले जानकारी दिएको छ ।

इम्बार्क एजुकेशन नेटवर्क लिमिटेडको तेस्रो वार्षिक साधारण सभा सम्बन्धी सूचना

२०८२।०८।१६ गते भोलि संचालक समितिको बैठकको निर्णय अनुसार यस इम्बार्क एजुकेशन नेटवर्क लिमिटेडको माथिल्ला शाखा तथा विभागहरुको हितमा, लाभ एवं स्थानमा हुने सहित सम्पूर्ण सेयरधनी महानुभावहरुलाई यस मार्फत ९८४६ सेयरधनी छ । यस जेष्ठ भन्नुभन्दा यो सूचनाद्वारा जाहेर गरिने सभामा उपस्थित भई दिनु हुनेमा लाई हार्दिक अनुरोध सहित :

सभा हुने मिति : पौष ७० गते बोलबार ०८२१ देखिन, १०:२:
समय : बेलुका १२:०० बजे
स्थान : रामजीको स्थानान, सोहोरमुढ जिल्ला, चौतारा महानगरपालिका-१२
सम्पर्क फोन नं. : ०१-४२७९२२२

संचालक समितिको तर्फले
कम्पनी सचिव

Bhotekoshi Rural Municipality
Office of Rural Municipal Executive
Fulpingkatti, Sindhupalchok

INVITATION FOR E- Bid

(First Date of Publication: 2082/08/21 (07/12/2025)

Bhotekoshi Rural Municipality invites electronic bids from eligible bidders for the mentioned below under NCB and SQ procedures. Eligible Bidders may obtain further information through **PPMO e-GP system www.bolpatra.gov.np/egp** or may visit **Bhotekoshi Rural Municipality website www.bhotekoshimun.gov.np**.

S. N	Project Name	Contract ID	Last Date of Bid Submission	Date of Bid Opening	Bid validity period	Bid Security Amount	Cost Estimated (Inc. Vat & PS)	Bid Document Fee
1.	Upgrading Works of China Naka Drypod Chyansa Bhairavkunda sadak	BRM/W/ NCB/ 082/083-04	2082/09/22 (06/01/2026) 12:00 hrs.	2082/09/22 (06/01/2026) 13:00 hrs.	90 days	70,000	24,65,328.77	3,000.00
2.	Construction works of Thargbu Tasi Chhyoling gumba, Bhotekoshi-3 Sindhupalchok	BRM/W/ NCB/ 082/083-05				70,000	24,84,404.45	
3.	Construction works of Golchi gumba, Bhotekoshi-5 Sindhupalchok	BRM/W/ NCB/ 082/083-06				1,50,000	52,04,944.80	
4.	Construction of Bhotekoshi Christai Church ward no 4	BRM/ W/SQ/ 082/083-04	2082/09/07 (22/12/2025) 12:00 hrs	2082/09/07 (22/12/2025) 13:00 hrs.	45 days	50,000	19,59,883.9	1,000.00
5.	Purchase and Installation of ICT Items	BRM/ G/SQ/ 082/083-2				22,000	-	

Chief Administrative Officer